# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ]काठमाडौं, वैशाख २० गते २०३५ साल [अतिरिक्ताङ्क ७

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३५ सालको ऐन नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी (तेस्रो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यस ऐनको दफा ५, २१, २३, २६ र ३१ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको इलाकामा तोकेको मितिदेखि र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा २ मा संशोधन : नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) "मेनेजिंग एजेन्ट" भन्नाले कम्पनी ऐन, २०२१ बमोजिमको मेनेजिंग एजेन्ट सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उप-दफा (१) मा रहेको "दुर्गन्धबाट निश्चित" भन्ने शब्दहरूको सट्टा "दुर्गन्ध नआउने गरी" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. रद्दी वस्तु फ्याँक्ने र नष्ट गर्ने व्यवस्था : कारखानामा उत्पादन कार्यको सिलसिलामा निस्केका रद्दी वस्तुहरूलाई फ्याँक्ने तथा नष्ट गर्ने व्यवस्था तोकिएबमोजिमको हुनेछ ।"

५. मूल ऐनमा दफा १५ क. थप : मूल ऐनको दफा १५ पछि देहायको दफा १५ क. थपिएको छः-

"१५क. नावालिग वा वालिगलाई काममा लगाउनु अघि स्वास्थ्य जाँच गर्नुपर्ने :

(१) कुनै पनि नावालिग वा वालिगलाई कुनै कारखानामा काममा लगाउनु वा काम गर्न दिनु अघि निजको स्वास्थ्य जाँच गर्न लगाउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम स्वास्थ्य जाँच गर्दा निरोगी प्रमाणित [illegible]

१५२

र नावालिगको हकमा निरोगिताको प्रमाणपत्र र सो बापत कारखानाको व्यवस्थापकबाट दिइएको टोकन प्राप्त गरेपछि मात्र कारखानामा काम गर्न दिनुपर्छ ।

(३) कारखानामा काममा लगाउनको लागि वालिग वा नावालिगको निमित्त आवश्यक पर्ने स्वास्थ्यको न्यूनतम स्तर र तत्सम्बन्धित अन्य कुराहरू श्री ५ को सरकारले तोकिदिन सक्नेछ ।"

६. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

"२१. सप्ताहमा काम गराउने घण्टा र दिन : कुनै पनि मजदूरलाई कुनै सप्ताहमा अठचालीस घण्टाभन्दा बढी काम गर्न बाध्य गर्न हुँदैन र सप्ताहमा एक दिन छुट्टी दिनुपर्छ ।"

७. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ मा रहेको "चवालीस घण्टा" भन्ने शब्दहरूको सट्टा "अठचालीस घण्टा" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ मा देहायको प्रतिवन्धात्मक बाक्यांश थपिएको छः–

"तर श्री ५ को सरकारले आवश्यक ठानेको कारखानामा यो बन्देज लागू नहुने गरी छुट दिन सक्नेछ ।"

९. मूल ऐनको दफा २७ क. मा संशोधनः मूल ऐनको दफा २७ क. को सट्टा देहायको दफा २७ क. राखिएको छः–

"२७ क. केटाकेटीलाई काममा लगाउनमा बन्देज : (१) कुनै पनि केटाकेटीलाई कारखानामा काममा लगाउन वा काम गर्न दिन हुँदैन ।

(२) कुनै पनि नावालिगलाई बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म बाहेक अरू समयमा कारखानामा काममा लगाउन वा काम गर्न दिन हुँदैन ।

तर, श्री ५ को सरकारले आवश्यक ठानेको कारखानामा यो बन्देज लागू नहुने गरी छुट दिन सक्नेछ ।"

१०. मूल ऐनको दफा २८ मा संशोधन : मूल ऐनको दफा २८ को उप-दफा (२) पछि देहायको उप-दफा (३) र (४) थपिएका छन्:–

"(३) मजदूरहरूको कल्याणकारी व्यवस्थाको सम्बन्धमा श्रम विभागले कल्याणकारी अधिकृतलाई आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

(४) उप-दफा (३) बमोजिम दिइएको निर्देशन कल्याणकारी अधिकृतले पालन नगरेमा निजलाई श्रम विभागले हटाउन सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छः–

"३५. कुनै कारखानाको सम्बन्धमा छुट्टै व्यवस्था गर्न सकिने : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कुनै कारखाना वा केही खास वर्ग वा वर्णनको कारखानाको हकमा यस परिच्छेदको सबै वा कुनै व्यवस्था लागू नहुने गरी छुट दिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम छुट दिएको कारखानाको हकमा गरिने कल्याणकारी व्यवस्था र तत्सम्बन्धी अन्य कुराहरू तोकिएबमोजिमको हुनेछ ।"

१२. मूल ऐनको दफा ३९ मा संशोधन : मूल ऐनको दफा ३९ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

१३. मूल ऐनको दफा ४० मा संशोधन : मूल ऐनको दफा ४० को,–

(१) उप-दफा (१) मा रहेको "अनुचित" भन्ने शब्दपछि "रूपले" भन्ने शब्द थपिएको छ र "वा कारखाना निरीक्षक मार्फत् स्थानीय जिल्ला अदालतमा" भन्ने वाक्यांशको सट्टा "श्रम अधिकृत भए श्रम अधिकृतसमक्ष र निज नभए कारखाना निरीक्षकसमक्ष" भन्ने वाक्यांश र "अदालतलाई" भन्ने शब्दको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षक लाई" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (२) मा "सम्बन्धित अदालतले" भन्ने शब्दहरूको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षकले" भन्ने शब्दहरू र "अदालतको" भन्ने शब्दको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षकको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (३) मा "अदालतको" भन्ने शब्दको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षकको" भन्ने शब्दहरू र "अदालतले" भन्ने शब्दको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षकले" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) यस दफा अन्तर्गत कुनै एक पक्षले अर्को पक्षलाई तिर्नुपर्ने गरी निर्णय गरिएको रकम श्रम अधिकृत वा कारखाना निरीक्षकले प्रचलित नेपाल कानूनबमोजिम दण्ड जरीवाना असूल उपर गर्ने सम्बन्धमा जिल्ला अदालतलाई भए सरहको अधिकारबमोजिमको कार्य प्रणाली अपनाई असूल उपर गरी सम्बन्धित पक्षलाई दिलाई दिनु पर्नेछ।"

१४. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को खण्ड (क) मा रहेको "जिल्ला अदालतले" भन्ने शब्दहरूको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षकले" भन्ने शब्दहरू र खण्ड (ख) र (ग) मा रहेको "जिल्ला अदालतबाट" भन्ने शब्दहरूको सट्टा "श्रम अधिकृत वा कारखाना निरीक्षकबाट" भन्ने शब्दहरू राखिएका छन् ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल ऐनको दफा ४२ मा संशोधन : मूल ऐनको दफा ४२ मा रहेको "निजलाई" भन्ने शब्द पछि "श्रम अधिकृत वा कारखाना निरीक्षकको आदेशले" भन्ने शब्दहरू थपिएका छन् ।

१६. मूल ऐनको दफा ४३ मा संशोधन : मूल ऐनको दफा ४३ को सट्टा देहायको दफा ४३ राखिएको छ:–

"४३. कारखाना संचालन नभएको अवस्थामा कर्मचारी जगेडामा राख्नु पर्ने : (१) केही समयको लागि उत्पादनमा कटौती गर्नुपर्ने भएमा वा कारखाना संचालन गरी राख्न नसकिने विशेष परिस्थिति आइपरेमा श्रम विभागको पूर्व स्वीकृतिलिई स्वीकृत अवधिको लागि उत्पादनमा कटौती गर्न वा कारखाना वा त्यसको कुनै भाग बन्द गर्न सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम उत्पादनमा कटौतीगर्दा वा कारखाना वा त्यसको कुनै भाग बन्द गर्दा बदलीमा काम गर्ने वा क्याजुयल कर्मचारी बाहेक कारखानाको मष्टर रोलमा दरिई एक वर्षको अविछिन्न नोकरी पूरा गरिसकेको कर्मचारीलाई जगेडामा राख्नु पर्नेछ ।

(३) उप-दफा (२) बमोजिम जगेडामा राखिने कर्मचारीलाई निजले काम गर्दा पाउने वेतनको आधा जगेडा राख्दा दिनु पर्नेछ ।

तर, देहायको अवस्थामा जगेडा रहँदाको वेतन पाउने छैन:–

(क) व्यवस्थापकले सोही कारखानामा वा सो कारखाना रहेको ठाउँबाट पाँच किलोमिटरसम्म टाढा पर्ने अन्यत्र निजको नियन्त्रणभित्रको अर्को कारखानामा पूरा वेतन पाउने गरी निजले गरी आए सरहको वा मिल्दो जुल्दो काम दिंदा काम गर्न इन्कार गरेमा, वा

(ख) कामको लागि निर्धारित दिनमा कारखानामा काम हुने समयभित्र एक पटक हाजिर भई मष्टर रोलमा हाजिरी नजनाएमा, वा

(ग) तोकिएको अन्य अवस्थामा ।

(४) मौसमी कारखानाको हकमा कारखाना चालू नरहने बेमौसमको अवधिलाई यस दफाको प्रयोजनको निमित्त कारखाना बन्द रहेको मानिने छैन ।"

१७. मूल ऐनको दफा ४५ मा संशोधन : मूल ऐनको दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएको छ:–

९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४५. कर्मचारीहरूको कटौती गर्दा : (१) कुनै विशेष परिस्थितिले गर्दा कारखानाको कर्मचारीको संख्यामा कटौती गर्नुपर्ने भएमा वा दफा ४३ मा लेखिएको अवस्थामा दुई महीनाभन्दा बढी अवधिसम्म उत्पादन कटौती गर्नुपर्ने वा कारखाना वा त्यसको कुनै भाग बन्द गर्नुपर्ने भई कारखानाको कर्मचारीको संख्यामा कटौती गर्नुपर्ने भएमा श्रम विभागको पूर्व स्वीकृति लिई कटौती गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम कारखानाका कर्मचारीको कटौती गर्दा देहायबमोजिम गर्नुपर्छ:–

(क) सम्बन्धित कारखानाको कर्मचारीलाई खारेज गर्नाको कारण समेत खोली एक महीनाको पूर्व सूचना दिएर वा त्यस्तो सूचनाको सट्टा एक महीनाको वेतन दिएर,

तर, त्यस्तो कर्मचारी र कारखानाको व्यवस्थापकको बीच भएको कुनै कबुलियत अनुसार खारेज गर्नुपर्दा त्यस्तो सूचना दिन वा त्यस्को सट्टा वेतन दिन आवश्यक पर्नेछैन ।

(ख) सम्बन्धित कारखानाको कर्मचारीले कारखानामा गरेको प्रत्येक एक वर्षको नोकरीको निमित्त निजको पछिल्लो पन्ध्र दिनको वेतनको दरले एकमुष्ट क्षतिपूर्ति दिएर,

कुनै वर्षमा घटीमा छ महीनासम्म काम गरेको भए यस खण्डको निमित्त एक वर्षको नोकरी मानिनेछ ।"

१८. मूल ऐनको दफा ४६ मा संशोधन : मूल ऐनको दफा ४६ मा रहेको "२४० दिन" भन्ने अङ्क र शब्दपछि "वा मौसमी कारखानाको हकमा कारखाना चालू रहेको मौसमको अवधिभर" भन्ने वाक्यांश थपिएको छ ।

१९. मूल ऐनको दफा ४७ मा संशोधन : मूल ऐनको दफा ४७ को सट्टा देहायको दफा ४७ राखिएको छ :–

"४७. मौसमी कारखाना : (१) कारखाना चालू नरहने बेमौसमको अवधिको निमित्त कारखाना बन्द गर्दा कति अवधिसम्म कारखाना बन्द रहने हो सो कुराको सूचना श्रम अधिकृत भए श्रम अधिकृतलाई र निज नभए कारखाना निरीक्षकलाई दिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम मौसमी कारखाना बन्द रहेको अवधिमा कर्मचारीले पाउने जगेडा भत्ता तोकिएबमोजिमको हुनेछ ।

(३) कुनै कारखाना मौसमी कारखाना हो होइन भन्ने विवाद उठेमा श्रम विभागको निर्णय अन्तिम हुनेछ ।"

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. मूल ऐनको दफा ४८ मा संशोधन : मूल ऐनको दफा ४८ मा रहेको "कुनै नेपाली नागरिक" भन्ने शब्दहरू झिकिएका छन् र सो दफामा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :–

"तर, कारखानाको कर्मचारीमा गैर-नेपाली नागरिक पनि रहेछ भने अघि भर्ना भएको भए तापनि त्यस्तै काम गर्ने गैर–नेपाली नागरिकलाई पहिले खारेज गर्ने क्रमले खारेज गर्नु पर्नेछ ।"

२१. मूल ऐनमा दफा ४८ क. थप : मूल ऐनको दफा ४८ पछि देहायको दफा ४८ क. थपिएको छ :–

"४८क. गैर–नेपाली नागरिक कर्मचारीलाई हटाउन सकिने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारखानामा काम गरिरहेको गैर–नेपाली नागरिक कर्मचारीलाई हटाउन आवश्यक देखेमा श्रम विभागले त्यस्तो कर्मचारीलाई हटाउन कारखानाको व्यवस्थापकलाई आदेश दिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम श्रम विभागबाट आदेश भएपछि सो आदेशलाई पालना गर्नु सम्बन्धित व्यवस्थापकको कर्तव्य हुनेछ ।"

२२. मूल ऐनको दफा ५१ मा संशोधन : मूल ऐनको दफा ५१ को –

(१) उप-दफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) आफ्नो काममा हेलचक्र्याइँ गरेमा वा कारखानाभित्र हुलदङ्गा गर्ने वा अनुशासन तोड्ने कुनै काम कारवाई गरेमा वा कार्यसुस्ती, हड्ताल वा घेराउ गर्न अरूलाई प्रोत्साहन दिएमा ।"

(२) उप-दफा (२) पछि देहायको उप-दफा (२क.) थपिएको छ :–

"(२क.) कारखानाको कुनै कर्मचारी नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा निजलाई पूर्व सूचना विना वा सूचना बापत दिनुपर्ने क्षतिपूर्ति नदिई बरखास्त गर्न सकिनेछ ।"

(३) उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ :–

"(३) उप-दफा (१) वा (२क.) बमोजिम कारवाई गरिएकोमा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो कारवाई गर्ने निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र श्रम अधिकृत भएमा श्रम अधिकृतसमक्ष र निज नभएमा कारखाना निरीक्षकसमक्ष उजूर गर्न सक्नेछ ।"

(४) उप–दफा (४) को सट्टा देहायको उप–दफा (४) राखिएको छः–

"(४) उप-दफा (३) बमोजिम उजूरीको सम्बन्धमा श्रम अधिकृत वा कारखाना निरीक्षकले गरेको निर्णयमा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिनभित्र श्रम विभागमा पुनरावेदन दिन सक्नेछ र त्यस्तो पुनरावेदनको सम्बन्धमा श्रम विभागको निर्णय अन्तिम हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. मूल ऐनमा दफा ५१ क. थप : मूल ऐनको दफा ५१ पछि देहायको दफा ५१ क. थपिएको छ :–

"५१क. हुलदङ्गा गर्ने कर्मचारीलाई हटाउने : (१) कारखानाभित्र हुलदङ्गा गर्ने वा अनुशासन तोड्ने वा कार्यसुस्ती, हडताल वा घेराउ गर्ने वा त्यस्तो काम गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अरूलाई प्रोत्साहन गर्ने कर्मचारीलाई श्रम विभागले बर्खास्त गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम बर्खास्त गरिएको कर्मचारीले बर्खास्त गरिएको आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकार समक्ष पुनरावेदन दिन सक्नेछ ।"

२४. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ को, –

(१) शीर्षकमा रहेको "वा कार्य सुस्ती" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-दफा (१) मा रहेको "वा कार्य सुस्ती (स्लो डाउन)" भन्ने शब्दहरू झिकिएका छन् र "पन्ध्र दिन" भन्ने शब्दहरूको सट्टा "तीस दिन" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (२) र (३) मा रहेको "वा कार्य सुस्ती" भन्ने शब्दहरू झिकिएका छन् ।

२५. मूल ऐनको दफा ५२ क. मा संशोधन : मूल ऐनको दफा ५२ क. को, –

(१) उप-दफा (१) को खण्ड (घ) को शुरूमा "कार्य सुस्ती वा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-दफा (१) को खण्ड (ङ) मा रहेको "वा कार्य सुस्ती" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) उप-दफा (४) पछि देहायको उप-दफा (५) थपिएको छ :–

"(५) यस दफाबमोजिम सजाय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।"

२६. मूल ऐनमा दफा ५२ ख. थप : मूल ऐनको दफा ५२ क. पछि देहायको दफा ५२ ख. थपिएको छ :–

"५२ख. कारखानामा तालाबन्दी (लक आउट) गर्न सकिने : (१) दफा ५२ को उप-दफा (१) बमोजिम सूचना दिई हडताल गर्नु पर्नेमा सूचना नदिई हडताल गरेमा वा दफा ५२ को उप-दफा (३) बमोजिम श्री ५ को सरकारले कुनै हडताललाई अवैध घोषित गरिसकेपछि पनि त्यस्तो हडताल चालू राखेमा आवश्यक सेवा वा उद्योगसम्बन्धी कारखानामा बाहेक अन्य कारखानामा व्यवस्थापकले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई तालाबन्दी गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिमको अवस्था परी तालाबन्दी गर्ने व्यवस्थापकले निर्णय गरेमा सो गर्नु अघि हडताल समाप्त नगरेमा तालाबन्दी हुनेछ भनी त्यसको कम्तिमा पन्ध्र दिन अगावै सबै मजदुरहरूको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१६८

जानकारीको लागि सूचना जारी गर्नुपर्छ र सो सूचनामा तालाबन्दी गरिने भनिएको मिति समेत तोक्नुपर्छ र सो मितिसम्ममा त्यस्तो हडताल समाप्त नगरेमा मात्र कारखानामा तालाबन्दी गर्नुपर्छ ।

(३) उप-दफा (२) बमोजिम जति अवधिको निमित्त तालाबन्दी गरिएको हो सो अवधिसम्ममा हडताल समाप्त नभई त्यस्तो तालाबन्दीको अवधि पुनः बढाउनु पर्ने कुरामा सम्बन्धित व्यवस्थापक विश्वस्त भएमा तालाबन्दीको अवधि जति दिनको निमित्त बढाउन चाहेको हो त्यसको जानकारी कम्तीमा तीन दिन अगाडि मजदूरहरूलाई दिनु पर्नेछ ।

(४) उप-दफा (२) र (३) बमोजिम मजदूरहरूलाई दिएको सूचनाको एक एक प्रति सम्बन्धित व्यवस्थापकले प्रमुख जिल्ला अधिकारी, कारखाना निरीक्षक र श्रम अधिकृतलाई यथाशीघ्र पठाउनुपर्छ ।

(५) यस दफाबमोजिम कुनै कारखानामा लगाइएको तालाबन्दीले देशको शान्ति र सुरक्षा खलल पार्न सक्ने सम्भावना देखिएमा वा देशको आर्थिक हितको प्रतिकूल हुने भएमा त्यस्तो तालाबन्दीलाई श्री ५ को सरकारले कुनै समयमा पनि अवैध घोषित गर्न सक्नेछ ।

(६) यस दफाबमोजिम कुनै कारखानामा तालाबन्दी गरिएकोमा त्यस्तो कारखानाका मजदूरहरूले हडताल समाप्त गरी काममा उपस्थित भएमा वा उप-दफा (५) बमोजिम कुनै तालाबन्दीलाई श्री ५ को सरकारले अवैध घोषित गरेमा त्यसरी अवैध घोषित भएको मितिदेखि तालाबन्दी समाप्त भएको मानिनेछ ।

(७) यस दफाबमोजिम कारखानामा तालाबन्दी भएको अवधिभरको निमित्त मजदूरहरूले कुनै वेतन पाउने छैनन् ।

तर, उप-दफा (२) र (३) को कार्यविधि पूरा नगरी घोषित गरिएको तालाबन्दीको अवधिको हकमा भने मजदूरहरूले वेतन पाउने छन् ।

(८) कुनै कारखानामा भएको तालाबन्दी कहिले समाप्त भयो भन्ने सम्बन्धमा कुनै विवाद उठेमा श्री ५ को सरकारको निर्णय अन्तिम हुनेछ ।"

२७. मूल ऐनको दफा ५३ मा संशोधन : मूल ऐनको दफा ५३ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ :–

"(३) यस दफाको प्रयोजनको निमित्त आवश्यक पर्ने अन्य कुराहरू तोकिएबमोजिम हुनेछ ।"

२८. मूल ऐनको दफा ५४ मा संशोधन : मूल ऐनको दफा ५४ को उप-दफा (४) मा रहेको "वा अर्जि खवर गर्ने" भन्ने शब्दहरू झिकिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. मूल ऐनको दफा ५५ मा संशोधन : मूल ऐनको दफा ५५ मा रहेको "पाँचसय रूपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै हुनेछ" भन्ने वाक्याँशको सट्टा "श्रम विभागले एक हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ" भन्ने वाक्याँश राखिएको छ।

३०. मूल ऐनको दफा ५६ मा संशोधन : मूल ऐनको दफा ५६ मा रहेको "पाँचसय रूपैयाँसम्म जरीवाना वा एक महीनासम्म कैद" भन्ने वाक्याँशको सट्टा "एक हजार रूपैयाँसम्म जरीवाना वा ३ महीनासम्म कैद" भन्ने वाक्यांश राखिएको छ।

३१. मूल ऐनमा दफा ५६ क. थप : मूल ऐनको दफा ५६ पछि देहायको दफा ५६ क. थपिएको छ :–

"५६क. दण्ड जरीवाना असूल उपर गर्ने विधि : यस ऐनबमोजिम लागेको दण्ड जरीवाना सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।"

३२. मूल ऐनको दफा ५७ मा संशोधन : मूल ऐनको दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छ :–

"५७. मुद्दाको दायरी र मुद्दा हेर्ने अधिकारी : (१) यस ऐन अन्तर्गत सजाय हुने कसूर-सम्बन्धी मुद्दा श्रम अधिकृत वा कारखाना निरीक्षकले वा निजहरूमध्ये कसैको अनुमति लिई अरू कसैले दायर गर्न सक्नेछ।

(२) यस ऐनअन्तर्गतको कसूर गरे बापत यस ऐनको दफा दफामा सजाय गर्ने अधिकारी तोकिएकोमा सोही अधिकारीसमक्ष र सो बाहेक अरू कसूरसम्बन्धी मुद्दाहरू जिल्ला अदालतमा दायर गर्नु पर्नेछ।

(३) उप-दफा (२) बमोजिम कुनै अधिकारी वा अदालतले गरेको निर्णय उपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।"

३३. मूल ऐनको दफा ६१ मा संशोधन : मूल ऐनको दफा ६१ को उप-दफा (१) मा रहेको "ऐनमा" भन्ने शब्दको सट्टा "ऐन वा" भन्ने शब्दहरू राखिएको छ।

३४. खारेजी : मूल ऐनको दफा ३ र दफा ३ क. खारेज गरिएका छन्।

लालमोहर सदर मिति :– २०३५।१।२०।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

960

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।